**नोभल कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्य**

**गाउँपालिकास्तरीय समन्वय समिति**

**बैठक संख्याः** ४

**मितिः** २०७७।०२।१७

**स्थानः** भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व)।

नोभल कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्यका लागि गठित गाउँपालिकास्तरीय समन्वय समितिका अध्यक्ष एवं भूमे गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

**उपस्थितिः**

| **क्र.सं.** | **दस्तखत** | **नाम थर** | **जिम्मेवारी** | **पद** | **कार्यालय** |
|---|---|---|---|---|---|
| १ | | रामसुर बुढा मगर | संयोजक | अध्यक्ष | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | मनकुमारी बुढा विष्ट | सदस्य | उपाध्यक्ष | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | प्रवेश पुन | सदस्य | प्रवक्ता/ वडाध्यक्ष | भूमे गापा/९ नं. वडा कार्यालय |
| ४ | | रामचन्द्र पुन | सदस्य | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ५ | | नरबहादुर बुढा | सदस्य | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ६ | | दिलमान रोका | सदस्य | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ७ | | चंख बहादुर बुढा मगर | सदस्य | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ८ | | टेक प्रसाद बुढा | सदस्य | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ९ | | देव बहादुर बुढा | सदस्य | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| १० | | धनमान रोका | सदस्य | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| ११ | | पंचबहादुर रोका | सदस्य | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| १२ | | श्याम सुन्दर सुनार | सदस्य | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भीम बहादुर नेपाली | सदस्य | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | | हिरा कुमारी श्रेष्ठ | सदस्य | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | नमिता पुन | सदस्य | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | मिना सुनार | सदस्य | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | मनकुमारी बुढा | सदस्य | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | रुजिधन घर्ति | सदस्य | भूमे १ | समाजसेवी |
| १९ | | अजय मगर | सदस्य | भूमे ३ | समाजसेवी |
| २० | | भिम बहादुर बुढा | सदस्य | भूमे ४ | समाजसेवी |
| २१ | | सबिना बुढा | सदस्य | भूमे ६ | समाजसेवी |
| २२ | | विनोद बुढा | सदस्य | भूमे ९ | समाजसेवी |
| २३ | | | सदस्य | | समाजसेवी |
| २४ | | विवेक खड्का | सदस्य | इन्चार्ज | स्वास्थ्य चौकी सिमा |
| २५ | | चित्र बहादुर विष्ट | सदस्य | इन्चार्ज | स्वास्थ्य चौकी चुनबाङ |
| २६ | | तिलक रोका | सदस्य | इन्चार्ज | स्वास्थ्य चौकी काँक्री |
| २७ | | झक्कु पुन | सदस्य | इन्चार्ज | स्वास्थ्य चौकी महत |
| २८ | | चित्र बहादुर चन्द | सदस्य | इन्चार्ज | स्वास्थ्य चौकी काँडा |
| २९ | | प्रतिनिधि | सदस्य | | नेपाल रेडक्रस सोसाइटी |
| ३० | | उपेन्द्र यादव | सदस्य सचिव | स्वास्थ्य संयोजक | भूमे गाउँपालिका |
| आमन्त्रित | | | | | |
| १ | | चन्द्रसिंह श्रेष्ठ | | प्र.प.अ. | भूमे गाउँपालिका |
| २ | | सञ्जिव खड्का | | हे.अ. | भूमे गाउँपालिका |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोभल कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्यका लागि भूमे गाउँपालिकास्तरीय समन्वय समितिको मिति २०७७।०२।१७ को बैठकको प्रस्ताव र निर्णय**

**प्रस्तावहरुः**

१. कोरोना भाइरस सम्बन्धमा पछिल्लो अवस्थाको समीक्षा सम्बन्धमा
२. अन्यत्र स्थानबाट आएका व्यक्तिहरुलाई क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा
३. क्वारेन्टाइन व्यवस्थापन तथा सहजीकरण कार्यदल गठन सम्बन्धमा
४. कोरोना नियन्त्रण तथा रोकथामका लागि पूर्व सावधानी सम्बन्धमा
५. विकास निर्माण तथा सेवा प्रवाह व्यवस्थापन सम्बन्धमा

**निर्णयहरुः**

१. विश्वभर फैलिएको COVID-19, कोरोना भाइरसबाट बच्न तथा आवश्यक पूर्वतयारी र प्रतिकार्य सम्बन्धमा हालसम्मको समीक्षा गर्दा देहाय बमोजिम रहेको पाइयो।

क) हालसम्म ११ वटा हेल्थ डेस्कबाट आवतजावत गर्ने यात्रु तथा स्थानीयहरुमध्ये मिति २०७६।१२।२४ देखि हालसम्म स्वास्थ्य चेकजाँच गर्दा कोरोनासँग मिल्ने लक्षण कसैमा नभेटिएको,

ख) कोरोना रोकथाम तथा नियन्त्रणका लागि नियमित चेकजाँच तथा हेल्थ डेस्क स्थापनाका लागि न्यूनतम्म सामाग्रीको परिपूर्ति भएको तर पर्याप्त नभएको।

ग) सचेतना कार्यक्रम प्रभावकारी रुपमै सम्पन्न भएको छ। गाउँ टोलहरुमा सचेतनाका लागि हात धुने स्थानको निर्माण गरिएको र हाल लकडाउनका कारण मानवीय गतिविधिमा कमी भएको।

घ) पछिल्लो समय कर्णाली प्रदेश शिल भएपछि पूर्वी रुकुममा आवतजावतको केन्द्र भूमे गाउँपालिका बनेकाले जिल्लाको सबै जोखिम अवस्थामा रहेको।

ङ) हालसम्म ९ वटा वडाका ११ वटा क्वारेन्टाइनमा २४० जना मध्ये ७४ जनाले क्वारेन्टाइन अवधि पूरा गरी १६६ जना क्वारेन्टाइनमा रहेका छन्। हालसम्म भारत लगायत अन्य मुलुकबाट आएका १६ RDT जाँच र क्वारेन्टाइनमा बसेकाहरुमध्ये ८ जनाको PCR जाँच गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको।

च) क्वारेन्टाइनको संख्या बढ्दा व्यवस्थापन र सूचना संकलनमा समस्या पर्नुका साथै महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरु थप जोखिममा रहेको।

छ) भूमे गाउँपालिकाबाट १८४१ जना वैदेशिक रोजगारीको सिलसिलामा रहेको र तीमध्ये भारतमा ४०२ जना रहेकोमा आजका दिनसम्म ५० जना फर्किएको तथ्याङ्क छ। यसरी दैनिक रुपमा विदेशबाट फर्कने व्यक्तिहरुको संख्या बढ्ने भएकाले क्वारेन्टाइन व्यवस्थापन थप जटिल बन्ने।

ज) लकडाउनको परिपालना र पूर्वसावधानीमा अझैँ ध्यान पुर्‍याउनुपर्ने अवस्था रहेको।

२. पछिल्लो समयमा देशभित्रैका अन्यत्र स्थान र भारतबाट मानिसहरु फर्किँदा कोरोना भाइरसको जोखिम न्यूनिकरणका लागि क्वारेन्टाइन निर्माण तथा व्यवस्थापनमा असहजता उत्पन्न भएको र निकट दिनहरुमा वैदेशिक रोजगारबाट समेत नागरिकहरु उद्धार गरी व्यवस्थापन गर्दा क्वारेन्टाइन र व्यवस्थापनमा थप जिम्मेवारी बढ्ने भएकाले देहाय बमोजिम क्वारेन्टाइन व्यवस्थापन गर्नेः

क) हाल भैरहेका क्वारेन्टाइनहरु अपुग भएको अवस्थामा प्रयोग गर्ने गरी सबै सामुदायिक तथा निजी विद्यालयहरुको भवन, सामुदायिक भवन, महिला भवन, धार्मिक भवन, अनुमति लिएर निजी भवन लगायतका सबै भवनहरुमा बस्ने कोठा सरसफाई, पानी, शौचालय, फोहर व्यवस्थापन स्थल लगायतका न्यूनतम आवश्यकताहरु पूरा गरी क्वारेन्टाइनमा परिणत गर्ने ।

ख) निर्माणपछि क्वारेन्टाइनको रुपमाम प्रयोग गर्दा क्रमशः स्वास्थ्य संस्था र प्रहरी नजिक, सम्भव भएसम्म वस्तीबाट छुट्टै, यातायात पहुँचका आधारमा सामुदायिक विद्यालय भवन, सामुदायिक भवनहरु, धार्मिक भवन, निजी विद्यालय भवन, अनुमति लिएर निजी भवनलाई प्रयोग गर्ने ।

ग) विभिन्न स्थानबाट आएका व्यक्तिहरुलाई सिफ्ट र स्थानका आधारमा सम्भव भएसम्म फरक फरक स्थानको क्वारेन्टाइनमा राख्ने ।

घ) क्वारेन्टाइनमा बसेका व्यक्तिहरुलाई क्वारेन्टाइनभित्र नै सामाजिक दूरी कायम गरेर भौतिक निर्माण तथा बौद्धिक कार्य गर्न सम्भव छ र उनीहरु इच्छुक भएमा काम गर्ने वातावरण मिलाई उनीहरुको उत्पादन कार्यालयले नै खरिद गर्ने व्यवस्था मिलाउने ।

ङ) प्रत्येक क्वारेन्टाइनमा सुरक्षा तथा स्वास्थ्यकर्मी व्यवस्थापनका लागि आवश्यकतानुसार स्वयंसेवकहरु परिचालन गर्ने ।

च) क्वारेन्टाइनमा दीर्घ रोगी तथा महिला बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुलाई छुट्टै प्राथमिकीकरण र विशेष व्यवस्था मिलाउने ।

छ) सबै जनप्रतिनिधि, बुद्धिजिवी, संघसंस्था, समूह, क्लबहरुलाई सहयोग र व्यवस्थापनका लागि सहयोग गर्न अपील गर्ने ।

३. पछिल्लो समय देशभित्रका अन्यत्र स्थान र भारतबाट आएका व्यक्तिहरुको संख्या अत्याधिक वृद्धि भई क्वारेन्टाइनको संख्या वृद्धि भएसँगै व्यवस्थापन, सावधानी अपनाउने र सूचना सम्प्रेषणमा थप जिम्मेवारी बढेकाले क्वारेन्टाइनहरुमा आइपर्ने समस्या, महिला बालबालिका, दीर्घ रोगी, अपाङ्गता भएका व्यक्तिहरुमा पर्न सक्ने जोखिमलाई समेत मध्यनजर गरेर आवश्यक सहजीकरण गर्न तपसिल बमोजिमको पालिकास्तरीय क्वारेन्टाइन व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय गरियोः

**तपसिल**

क) संयोजकः गाउँपालिका उपाध्यक्ष

ख) सदस्यः सामाजिक विकास समिति संयोजक

ग) सदस्यः सामाजिक विकास शाखा प्रमुख

घ) सदस्यः प्रतिनिधि, नेपाल प्रहरी

ङ) सदस्य-सचिवः स्वास्थ्य इकाई प्रमुख

४. कोरोना रोग प्रतिकार्य तथा पूर्व तयारी तथा सावधानीका लागि कार्ययोजनाका साथै देहाय बमोजिम कार्यलाई विशेष जोड दिनेः

क) भाइरसको विस्तार हुने सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाल सरकारद्धारा जारी गरिएको लकडाउनलाई सबै वडामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पदाधिकारी तथा वडास्तरीय समन्वय समितिले आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने ।

ख) कोरोना रोगको नियन्त्रण तथा रोकथाम र यसबाट हुन सक्ने मानसिक तनावलाई कम गर्न गाउँपालिकामा रहेको २०० थान RDT परीक्षण गर्ने र PCR जाँचका लागि आवश्यक पहल गर्ने ।

ग) कोरोनाको जोखिम बढिरहेकाले स्थानीयस्तरमा मनाइने मेला, पर्वहरु रोक्ने । पूजाआजा, मरुबरु, झाँक्री बस्ने, भूमे पूजा र पर्वमा मानिस जमघट हुने कार्यलाई रोक्ने व्यवस्था मिलाउने ।

घ) निर्माण व्यवसायीहरुलाई समेत आफ्नो काम गर्ने स्थानभन्दा बाहिर मानिसहरु जमघट नहुन, गाउँवस्तीमा प्रवेश नगर्न र सामाजिक दूरी कायम गरी आफ्नो कार्य सम्पन्न गर्न निर्देशन दिने ।

ङ) रोग संक्रमणको जोखिमलाई मध्यनजर गरी सबै गाउँटोलहरुलाई गाउँ टोलले नै मापदण्ड बनाई अत्यावश्यक काम बाहेक आवतजावत बन्द गर्न तथा अटेर गरेमा रीतिरिवाज अनुसार पूजा, संस्कारहरुमा अनावश्यक संख्या जमघट गरेमा सम्बन्धित गाउँ टोल वा टोल विकास संस्थाद्वारा नै दण्ड जरिवाना गर्ने व्यवस्था मिलाउने ।

च) सबै गाउँटोलहरुको नाकाहरुमा एक गाउँ टोलबाट अर्को गाउँटोलमा अत्यावश्यक काम बाहेकको अवस्थामा हिँडडुल र लकडाउन निर्णय अटेर गरेमा दण्ड जरिवाना हुने जानकारी दिने होर्डिङ बोर्डहरु गाउँटोलको मुख्य प्रवेश स्थानहरुमा राख्ने ।

५. कोरोना संक्रमण जोखिम बढिरहेकाले नियन्त्रण तथा रोकथामका लागि सेवा प्रवाहलाई देहाय बमोजिम व्यवस्थित गर्नेः

क) कार्यालयमा सेवाग्राहीको भिड न्यूनिकरण गर्न गाउँपालिकाले अपनाएको सजगताका उपाय बमोजिम अत्यावश्यक सेवालाई प्रभावित नहुने गरी पालैपालो सेवाग्राहीलाई सामाजिक दूरी कायम गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।

ख) गाउँपालिका कार्यालयबाट सम्भव भएसम्म सेवाग्राही व्यक्ति नआई सेवा प्राप्त गर्ने व्यवस्था मिलाउने ।

ग) आर्थिक वर्षको अन्तिम अवस्था भएको र संघ तथा प्रदेश सरकारबाट हस्तान्तरण भएका र गाउँपालिकाका केही योजना तथा कार्यक्रमहरु कार्यान्वयनकै क्रममा रहेकाले सामाजिक दूरी कायम गरी, काम गर्ने स्थानमा सम्बन्धित कामदार र जिम्मेवार व्यक्ति बाहेक अन्य व्यक्ति जमघट नहुने गरी काम निरन्तरता दिने व्यवस्था मिलाउने ।

घ) वडा कार्यालयहरुमा अत्यावश्यक सेवाका लागि हप्ताको सातै दिन तयारी अवस्थामा खुला राख्ने । सेवाग्राहीलाई टाढै राखी टाढैबाट अत्यावश्यक सेवा प्रदान गर्ने व्यवस्था मिलाउने । वडा कार्यालय र समितिहरुले क्वारेन्टाइन व्यवस्थापन, सचेतना र समूह परिचालनमा ध्यानकेन्द्रित गर्ने ।

ङ) बैंकिङ सेवाबाट समेत रोग संक्रमणको जोखिम रहने भएकाले भूमे गाउँपालिका २ खाबाङबगरस्थित रहेको सिटिजन्स इन्टरनेशनल बैंक लिमिटेड भूमे शाखालाई एक एक दिन बिराएर हप्तामा तीन दिन खोल्ने व्यवस्थाका लागि अनुरोध गर्ने ।

**समन्वय समितिको बैठकमा सहभागीले राखेको मन्तव्य**

| क्र.सं. | सहभागी राख्नेको नाम | धारणा |
|---|---|---|
| १ | सबिना बुढा | • क्वारेन्टाइन व्यवस्थापनका सम्बन्धमा कतिपय स्थानमा जनप्रतिनिधि मात्र काम गरेको देखियो भने कतै जनप्रतिनिधि सुतेको जस्तो देखियो । यसलाई सबैले आ आफ्नो जिम्मेवारी बहन गर्ने काम भयो भने मात्र कोरोना नियन्त्रणमा सफलता मिल्नेछ । |
| २ | पृथी ब बुढा | • विवाद समाधानका लागि गाउँ गाउँमा जनचेतना जगाउनुपर्छ ।<br>• स्वयंसेवक,यूवालाई २४ सै घण्टा खटाएर परिचालन गर्नपर्छ होला । |
| ३ | रुजिधन घर्ति | • क्वारेन्टाइन स्थललाई सिल गर्न आवश्यक छ । |
| ४ | टेक प्रसाद बुढा | • आफ्नो गाउँको क्वारेन्टाइनमा आफ्नो वडा र गाउँको व्यक्ति राख्न थालियो भने क्वारेन्टिनको संख्याले पुग्दैन । त्यसैले गाउँपालिकाको विधि र नीति बमोजिम गाउँपालिकाबासी चल्नुपर्छ । |
| ५ | तिलक रोका | • म माघदेखि नै कोरोना भाइरसका विषयमा छलफल गर्ने गरिएको छ ।<br>• गाउँको विवाद व्यवस्थापनका लागि स्थानीय बुद्धिजिवी, जनप्रतिनिधि र कर्मचारी संयुक्त रुपमा परिचालन गर्नुपर्छ ।<br>• हामी कर्मचारीहरु जुनसुकै अवस्थामा व्यक्तिगत स्वार्थभन्दा बाहिर गएर तयार हुनुपर्छ ।<br>• लुकुममा क्वारेन्टाइनमा जुनखालको स्थानीय अवरोध र समस्या उत्पन्न भयो त्यो राम्रो भएन ।<br>• होम क्वारेन्टाइनमा बसेको व्यक्तिले खासै नियम पालना गरेको पाइएन । कसैले होम क्वारेन्टाइनलाई मर्यादा र इमान्दारितापूर्वक निर्वाह गर्नुपर्छ ।<br>• अब विदेशबाट पनि आउँदैछन्,तिनलाई व्यवस्थापन गर्न हम्मे हम्मे पर्छ ।<br>• कर्मचारी पनि व्यवस्थापकीय रुपमा सबैसँग समन्वय गरेर खटिनुपर्छ । हामीले भत्ता र सत्ता मात्र नहेरी विपदसँग जुधौं ।<br>• हेल्थ डेस्कमा पनि गाडी नरोक्ने, नटेर्ने अवस्था छ । |
| ६ | चङ्ख बहादुर बुढा मगर | • समस्या परेको अवस्थामा सबै भाग्छन् । स्वार्थ पूरा हुने भएमा झुम्मिन्छन् भनेजस्तै भएको छ । अहिले हामी सबै एक ठाउँमा हुनुपर्छ । सबै स्वार्थ बाझिएका छन् । |
| ७ | प्रवेश पुन | • हामीले एउटा अभ्यास के गरियो भने एउटा टोलबाट अर्को टोल वडामा जान सिफारिशको व्यवस्था गर्दा केही जानकारहरुले अगुवाहरुले त्यसको विरोध गरे । असहज भयो भन्न थाले । असहज हुनाले नै अनावश्यक आवतजावत रोकिन्छ ।<br>• जनप्रतिनिधिलाई त झन हामीले भोट हालेको हो । अहिले कडा गर्ने भनेर प्रश्न उठाउँछन् । झगडा गर्छन् । जहाँसम्म अनावश्यक बखेडा निकाल्ने अलि टाठाबाठा नै बढी हुने देखिन्छ ।<br>• क्वारेन्टाइन निश्चित टोल गाउँको होइन । गाउँपालिकाको हो । सरकारको हो । व्यक्तिको होइन ।<br>• कतिपय मानिसलाई के के न गर्छम् भन्ने पनि लागेको हुन्छ । जिम्मेवारी नपाएर पनि कुरा बढिरहेको छ । फुर्सदिलालाई सेन्ट्री बस्ने, खाना पुऱ्याउने कामजस्ता जिम्मेवारी तोकियो भने कुरा काट्ने पनि कम हुन्छ ।<br>• अब RDT परिक्षण गर्ने व्यवस्था मिलाउने । |
| ८ | देव बहादुर बुढा | • क्वारेन्टाइनमा चाहिने आधारभूत आवश्यकताहरु पूरा गर्नुपर्ने कुरा के हो ?<br>• सबै क्वारेन्टाइनमा एकरुपता हुनुपऱ्यो । |